मधेशी आयोग

ज्वागल, ललितपुर

पत्र संख्याः २०८३/८४
चलानी नं. :

फोन नं: ०१-५२६९१८५
टोल फ्रि नं: १६६००११६१८५

मितिः २०८३।५।१८

श्री कृष्ण जन्माष्टमीको पावन अवसरमा हार्दिक शुभकामना !!!

श्री कृष्ण जन्माष्टमीको पावन अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा मधेशी आयोगको तर्फबाट सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु।

वैदिक सनातन धर्म संस्कृति अनुसार भगवान श्री कृष्णको जन्म असत्यमाथि सत्य, अधर्ममाथि धर्म र अन्यायमाथि न्यायको विजयको प्रतीकका रूपमा लिइन्छ। श्री कृष्णले श्रीमद्भागवत गीतामार्फत सम्पूर्ण मानव जातिलाई दिनुभएको निष्काम कर्मयोग, त्याग, प्रेम र सद्भावको सन्देश आजको समयमा झन् सान्दर्भिक बनेको छ।

यो पवित्र पर्वले हाम्रा बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक समाजमा आपसी भाइचारा, सामाजिक सद्भाव, सहिष्णुता र एकताको भावनालाई अझ सुदृढ बनाउन प्रेरणा प्रदान गरोस्। मधेशी समुदाय लगायत सम्पूर्ण देशवासीको हक, अधिकार, पहिचान र सशक्तीकरणका लागि निरन्तर प्रतिबद्ध रहँदै, श्री कृष्ण जन्माष्टमीले हामी सबैमा नयाँ उत्साह, ऊर्जा र भ्रातृत्वको सञ्चार गरोस् भन्ने शुभ कामना व्यक्त गर्दछु।

माननीय जीवछ साह
कार्यवाहक अध्यक्ष

Email: madheshicommission@gmail.com
Website: www.madheshicommission.gov.np